annapurnapost.com
# अन्नपूर्ण पोस्ट्

वर्ष २४, अंक २७४, पृष्ठ १०+८ | काठमाडौं, बुधवार २८ माघ २०८२ | फाल्गुण कृष्णपक्ष दशमी, नेपाल सं ... RUARY 11, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

विशेष कुराकानी

# भ्रष्टाचार गरेको सम्पत्ति विदेशमा कति होला कति

भ्रष्टाचार नियन्त्रण गर्न ५ वर्षको अवधिमा रफ्तारमा काम गरिरहेको छ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले । प्रमुख आयुक्त प्रेमकुमार राई प्रचारमा नआई सुशासनका लागि अख्तियारलाई सक्रिय बनाउन लागिपरेका छन् । यो बीचमा राई नेतृत्वको अख्तियारले सार्वजनिक जग्गा, सूचना प्रविधि, स्वास्थ्य र हवाई उड्डयन क्षेत्रका अनियमितता र भ्रष्टाचारविरुद्ध आक्रामक ढंगले काम गरेको छ । मिडियामा कमै बोल्ने अख्तियार प्रमुख राईले अन्नपूर्ण पोस्ट्सँग विशेष कुराकानी गरेका छन् ।

**बालकृष्ण बस्नेत/ सुरेन्द्र काफ्ले** | *काठमाडौं*

तस्विर : अशोक दुलाल

विस्तृत पृष्ठ २



प्रेमकुमार राई
प्रमुख आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

- भ्रष्टाचारको पैसा अमेरिका र सिंगापुरसम्म पुगेको प्रमाण
- ९० प्रतिशतभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा
- सरकारी तथा सार्वजनिक जग्गा हिनामिना पहिलो प्राथमिकता
- भूमि अभिलेख प्रणाली अत्यन्त कमजोर
- टीकापुर, महेन्द्रनगर, झापाको ‘बालुवाटार’, पतञ्जली योगपीठ जस्ता ठूला मुद्दा दायर
- भूमिहीनको नाम वितरण गरिएको जग्गामा व्यापक बदमासी
- आईटी क्षेत्रमा सबैभन्दा डरलाग्दो भ्रष्टाचार
- विमानस्थल निर्माणमा बजेट सक्ने होड




८ पृष्ठको सुशासन विशेषांक

# भ्रष्टाचार अन्त्य नारा होइन, कार्यान्वयनमा चाहियो

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

टिप्पणी

भ्रष्टाचार अवधारणा सूचकांक (सीपीआई) अनुसार नेपालमा भ्रष्टाचार घट्नुको सट्टा बढ्दै गएको छ। जसकारण मुलुकको सुशासनको अवस्था त बिग्रँदो छ नै, अन्तर्राष्ट्रिय क्षेत्रमा देशकै बदनाम भइरहेको छ। राजनीतिक दल, सरकार र सरोकारवालाले भ्रष्टाचार अन्त्यका जे जति नारा दिए पनि यसको ग्राफ बढ्दै जानु चिन्ताको विषय हो। त्यसैकारण, भ्रष्टाचार अन्त्य अब नारामा होइन, कार्यान्वयनमा चाहिएको छ।

विगतमा राजनीतिक दलले सुशासन र भ्रष्टाचार नियन्त्रणको मुद्दा नउठाएका होइनन् तर उनीहरूले यो विषयलाई सार्थक बनाउन सकेनन्। प्रत्येक चुनावी घोषणापत्रमा सुशासन र भ्रष्टाचार नियन्त्रणले प्रमुखता नपाएको पनि होइन। दलहरू घोषणापत्रमा मिठामिठा बाचा बाँड्ने गर्छन्। सुशासन र भ्रष्टाचार नियन्त्रणका विषय मूल एजेन्डा पनि बनेकै हुन्।

म भ्रष्टाचार गर्दिन र गर्न दिन्न भन्नेदेखि भ्रष्टाचार शून्य सहनशीलताका लामा लामा प्रतिबद्धता पनि विगतमा नदेखिएका होइनन्। तर, त्यो घोषणापत्र र नारा, भाषणमा मात्रै सीमित हुने गरेका छन्। सुशासन र भ्रष्टाचार नियन्त्रणको विषय सत्तामा गएपछि दलको प्राथमिकतामा नै परेनन् वा उनीहरूले गर्न सकेनन्। प्रतिपक्षमा बस्ने दल पनि सुशासन र भ्रष्टाचार नियन्त्रणको विषयमा खबरदारी गर्नुपर्नेमा ‘स्टन्ट’ मै व्यस्त रहने गरेका छन्।

सुशासन र भ्रष्टाचार नियन्त्रणमा गरिएका प्रतिबद्धता कार्यान्वयन नगर्दा जनतामा असन्तुष्टि, निराशा र वितृष्णा छाएको छ। यसैको जगमा जेन-जी आन्दोलनले दुई दिनमै कांग्रेस-एमालेको सत्तापलट गराइदियो। सुशासन कायम गर्न नसक्दा पुराना दलहरू जनताको तारो बने।

मुलुकमा २ सय ५० वर्षको राजतन्त्र अन्त्य भयो। संविधानसभाबाट संविधान पनि बन्यो। लोकतान्त्रिक व्यवस्था पनि आयो, सामाजिक न्याय, शान्ति सुरक्षा लगायतका विषयमा व्यापक सुधार भयो। सूचना प्रविधि, भौतिक पूर्वाधारलगायत क्षेत्रमा ठूलो परिवर्तन पनि भए। यद्यपि सुशासन भने कायम हुन सकेन। भ्रष्टाचार नियन्त्रण हुनुको साटो बढ्दै गएको छ। सुशासनका सूचकहरू निरन्तर कमजोर बन्दै गए। भ्रष्टाचार अवधारणा सूचकांक (सीपीआई) मा नेपालको अवस्था पछिल्लो समय खस्किँदै गएको छ। सन् २०२४ र २०२५ मा सूचकांक ३५ बाट खस्किएर ३४ अंकमा झरेको छ। पछिल्लो दशकमा नै खासै सुधार आउन सकेको छैन। बाह्य कारण जे भए पनि सुशासन र भ्रष्टाचार नियन्त्रणको सवालमा लय नै आउन सकेन। जसले गर्दा जनता, त्यसमा पनि विशेषगरी नवयुवामा आक्रोश पैदा हुँदै गयो। त्यसले २३ र २४ गतेको आन्दोलन निम्त्यायो। राजनीतिक दलहरूलाई पछिल्लो नवयुवाको आन्दोलनले झस्काएको छ।

पछिल्लो समयमा भ्रष्टाचार नियन्त्रण र सुशासनको विषयमा काम नै नभएको पनि होइन तर त्यसले सार्थक परिणाम भने दिन नसक्नु देशको दुर्भाग्य हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो भ्रष्टाचार नियन्त्रणमा अख्तियारप्राप्त संवैधानिक निकाय छ।

अख्तियारले भ्रष्टाचार र अनियमितताका धेरै अनुसन्धान पनि गरी नै रहेको छ। मुद्दा पनि धेरै चलाइरहेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सर्तकता केन्द्र, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) जस्ता नियमन कारी निकाय पनि क्रियाशील छन्।

» बाँकी पृष्ठ ६

## टीपीएस निरन्तरता नगर्ने निर्णय अदालतद्वारा सदर




**अमेरिका** (अन्नपूर्ण) : अस्थायी संरक्षित स्थितिमा अमेरिकामा रहेका नेपालसहित ३ देशका नागरिकलाई अमेरिकाबाट फर्काउन अमेरिकी प्रशासनका लागि बाटो खुलेको छ। नेपाल, होन्डुरस र निकारागुवालाई अस्थायी संरक्षति स्थितिको सूचीमा राख्न आवश्यक नरहेको भन्दै राष्ट्रपति डोनाल्ड जे ट्रम्प प्रशासनले त्यो सूचीवाट हटाउने निर्णय गरेको थियो। अस्थायी स्थिति (टेम्पोररी प्रोटेक्टेड स्टाटस, टीपीएस) को सूचीमा रहेका देशका नागरिकहरूलाई अमेरिकाले अस्थायी बसोबास र कामका लागि यो व्यवस्था गर्दै आएको थियो तर ट्रम्प राष्ट्रपति बनेसँगै क्रमश: विभिन्न देशहरूलाई टीपीएस सूचीवाट अमेरिकी प्रशासनले हटाउँदै आएको थियो।

अमेरिकी अध्यागमन र गृह प्रशासन हेर्ने डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटीले टीपीएस निरन्तरता नगर्ने निर्णय गरेको थियो। गत अगस्तमा नै टीपीएस समाप्त भए पनि अदालतमा मुद्दा परेर केही समयका लागि थमौती भएको थियो। क्यालिफोर्निया राज्यको सानफ्रान्सिस्कोमा रहेको अदालतले गत डिसेम्बर ३१ मा होमल्यान्ड सेक्युरिटीले गरेको निर्णयमा प्रक्रियागत त्रुटि, मानवीयता र आप्रवासन नीति तथा कानुनलाई आधार देखाएर निर्णय कार्यान्वयनमा रोक लगाएको थियो। अदालतको त्यस निर्णयविरुद्ध संघीय अदालतमा होमल्यान्ड सेक्युरिटीले अपिल गरेको थियो। त्यस सन्दर्भमा अमेरिकी पुनरावेदन अदालतको नवौं सर्किट प्यानलले सरकारले गरेको निर्णयको पक्षमा आदेश गर्दै स्थानीय अदालतले गरेको निर्णयलाई खारेज गरेको थियो। यो प्यानलमा बिल क्लिन्टनद्वारा नियुक्त न्यायाधीश माइकल हकिन्स, जर्ज डब्लु बुशद्वारा नियुक्त कोन्सुएलो कालाहान र डोनाल्ड ट्रम्पद्वारा नियुक्त एरिक मिलर सहभागी थिए।

यस निर्णयसँगै हजारौं नेपाली, होन्डुरस र निकारागुवाली टीपीएस धारकहरू देशनिकालामा पर्ने जोखिम बढेको छ। यस आदेशअनुसार नेपालका लागि टीपीएस २०२५ अगस्ट २० मा समाप्त भएको मानिन्छ। होन्डुरस र निकारागुवाका लागि टीपीएस २०२५ सेप्टेम्बर ८ मा समाप्त हुने तय गरिएको छ। यसले टीपीएस धारकहरूको कानुनी स्थिति र काम गर्ने अनुमति गुम्ने जोखिम बढेको छ र उनीहरू निष्कासन प्रक्रियामा पर्ने सम्भावना बढाएको छ। नेपाललाई २०१५ मा विनाशकारी भूकम्पपछि टीपीएस दिइएको थियो भने होन्डुरस र निकारागुवालाई १९९९ मा हरिकेन मिचपछि टीपीएस प्रदान गरिएको थियो। टीपीएसले प्रभावित देशका नागरिकलाई अमेरिकामा काम गर्ने अनुमति र निष्कासनबाट सुरक्षा प्रदान गर्छ।

## रामेछाप बस दुर्घटनामा १२ को मृत्यु, ८ घाइते



**सन्तोष ढुंगेल** | *रामेछाप*

रामेछापको मन्थली नगरपालिका-६ लिलौतीको भीरमा बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ। ८ जना घाइते भएका छन्। भीरबाट खसेको बस तामाकोशी नदीमा खसेकाले केही यात्रु अझै बेपत्ता रहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रामेछापका अनुसार दुर्घटनामा ज्यान गुमाएकाहरूको शव पोस्टमार्टमका लागि मन्थली अस्पताल पुऱ्याइएको छ। अस्पतालले पहिचान खुलेका मृतकहरूको पोस्टमार्टम गरिसकेको छ। मृतकमध्ये ११ जनाको सनाखत भइसकेको छ भने १ जनाको पहिचान हुन बाँकी रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मृतकमध्ये लिखु तामाकोशी गाउँपालिका-७ तिल्पुङका एकै परिवारका ४ जना छन्। विवाह कार्यक्रममा सहभागी हुन घर फर्किंदै गरेका भीमबहादुर तामाङ, जानुमाया तामाङ, तारा तामाङ र रमिता तामाङको दुर्घटनामा मृत्यु भएको हो।

» बाँकी पृष्ठ ६

# मधेस रफ्तारमा बालेन



**गोविन्द महतो** | *जनकपुरधाम*

माघ ५ गते जनकपुरधामबाट चुनावी अभियान थालेका राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह ‘बालेन’ पूर्व-पश्चिम हुँदै फेरि मधेस झरेका छन्। उनले मंगलबार एकैदिन मधेसको पूर्वी जिल्ला सप्तरी, सिरहा, धनुषा हुँदै पुर्ख्यौली जिल्ला महोत्तरी पुगे।

हुलाकी सडक राजमार्गअन्तर्गत सप्तरीको सप्तकोशी नगरपालिकाबाट सुरु भएको जनसम्पर्क तथा घण्टी अभिवादन अभियानलाई बालेनले तीव्र पारेका हुन्। बालेन सप्तरी क्षेत्र नं. १ को सप्तकोशी हुँदै कञ्चनरुप गाउँपालिका, हनुमाननगर हुँदै राजविराज, डाक्नेश्वरी नगरपालिका भएर हुलाकी राजमार्ग बोदेबरसाइन, भगवानपुर, नवराजपुर, वरियारपट्टी हुँदै सिरहा प्रवेश गरेका थिए।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) यति बेला देश दौडाहामा छन्। आउँदो निर्वाचनका निम्ति दुई शीर्ष नेताले विभिन्न क्षेत्रमा पुगेर जनसम्पर्क तथा घण्टी अभिवादन अभियानलाई तीव्र पारेका हुन्।

» बाँकी पृष्ठ ६

# ओलीको बेग्लै काउन्टर

## चुपचाप होइन, सोचीविचारी छाप



**काठमाडौं** (अन्नपूर्ण): एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीका प्रचारकहरूलाई पार्टीले गरेका कामको विवरण भन्न र मतदाताहरूको प्रश्न धैर्यपूर्वक सुन्न सुझाव दिएका छन्।

सामाजिक सञ्जालमा स्टाटस लेख्दै पूर्वप्रधानमन्त्री ओलीले एमाले प्रश्नहरूको अग्निपरीक्षाबाट खारिएर बनेको राजनीतिक विरासत भएको बताएका छन्। परिपक्व लोकतन्त्रमा भोट भावना भड्काएर होइन, तथ्य प्रस्तुत गरेर माग्नुपर्छ। बहकाउमा होइन, कामको हिसाब सुनाएर मत माग्नुपर्छ, झापा-५ मा रास्वपाका उम्मेदवार बालेनप्रति लक्ष्य गर्दै ओलीले भनेका छन्।

» बाँकी पृष्ठ ६